नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(............................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- ०८१।८०
चलनी नं.:- ९३८९

मितिः २०८०/०२/२५

**विषयः माथिल्लो त्रिशुली -१ क्यासकेड जलविद्युत आयोजना(२४.६मे.वा.),रसुवा, को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।**

श्री त्रिशुली क्यासकेड पावर प्रा.लि.
काठमाण्डौ महानगरपालिका-२८,कमलादी,काठमाडौं,नेपाल,
फोन: ०१-५९०२३३० / ९८५१०४७४७८ ।

उपरोक्त विषयमा तहाँबाट प्रवर्द्धित माथिल्लो त्रिशुली -१ क्यासकेड जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त उपर कारवाही हुँदा निम्नानुसारका कागजात/विवरणहरु पेश हुन बाँकि देखिएकाले सो कागजात/विवरणहरु ३५ (पैतिस) दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०८०/०२/२३ को निर्णयानुसार अनुरोध गरिन्छ ।

पेश गर्नुपर्ने कागजात/विवरणहरु(सम्पूर्ण प्रतिलिपिहरु notarize गरी पेश गर्नुपर्ने)

१. विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र(वि.वि.वि.०७४/७५ वि.उ.स. १००६)को प्रकरण ७(ज) मा शेयर संरचना परिवर्तन सम्बन्धी व्यवस्था रहेकोमा सो प्रकरण र विद्युत आयोजनको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७५को दफा २४ को व्यवस्था पालना नभएको/भएको बारे स्पष्टीकरण(कम्पनीमा शेयरधनी थप भएको जानकारी विभागमा पेश भएको देखिँदैन।),
२. प्रवर्द्धक कम्पनीको शेयरधनी नरहेका कतिपय व्यक्तिहरुको खुद सम्पत्ति पेश भएको देखिँदा आर्थिक क्षमता पुष्टी गर्न कम्पनीका शेयरहोल्डरहरुको Cumulative Networth certificate र सो पुष्टी हुने supporting documents,
३. परियोजनाको लागि स्थायी वा अस्थायी तबरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत विवरण,
४. प्रेषित layout मा आयोजनाको Powerhouse र Tailrace Tunnel लगायत संरचनाहरु वि.उ.स. १००६ मा प्रदान भएको क्षेत्रभन्दा बाहिर प्रस्ताव भएको देखिँदा सो विषयको स्पष्टीकरण,
५. वि.उ.स. १००६ को प्रकरण ७(द) मा उल्लिखित शर्तको पालना भई अध्ययन भएको पुष्टी हुने प्रतिवेदन,
६. आयोजनाको निर्माण कार्य तालिका (Construction Schedule),
७. आयोजनाको स्वीकृत IEE वा EIA प्रतिवेदन र सोको soft copy,
८. आयोजनाको आवश्यक स्वपुंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth(Supporting Documentसहित) र CA को संस्था दर्ता,नवीकरण,Cop काप्रमाणित प्रतिहरु दर्ता/नवीकरण सम्बन्धि विवरण.
९. कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता,
१०. यदि प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु पर्ने,
११. अधावधिक शेयर लागत अभिलेखको प्रमाणित प्रति,
१२. अख्तियारी प्राप्त व्यक्तिको परिचय-पत्रको प्रमाणित प्रति ।

२०८०/०२/२५
प्रदिप कुमार राउत,इन्जिनियर